# महालक्ष्मी राजपत्र

महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्ड २, कमलपोखरी, मंसिर २७, २०७५ साल अतिरिक्ताङ्क २ (क)

## भाग-३

## "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नवीकरण र खारेजी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नवीकरण र खारेजी सम्बन्धी कार्यिविधिमा "घ" वर्गको निर्माण व्यवसायको स्थानान्तरणको विषय छुट हुन गएकोले छुटेको विषय समावेश गर्न वाञ्छनीय भएकोले,

महालक्ष्मी नगरकार्यपालिकाले यो संशोधन बनाएको छ ।

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नवीकरण र खारेजी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **"घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नवीकरण र खारेजी सम्बन्धी कार्यविधी, २०७५ को दफा ८ मा संशोधनः-**
"घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नवीकरण र खारेजी सम्बन्धी कार्यविधी, २०७५ को दफा ८ को उपदफा ४ पछि देहाय बमोजिमको उपदफा ५ थप्नेः-

(क) साविकमा अन्य जिल्लामा दर्ता भई यस नगरपालिकामा स्थानान्तरण भई नवीकरण गर्न आउने "घ" वर्गको निर्माण व्यवसायीलाई आवश्यक प्रक्रिया पुरा गरी नवीकरण गर्ने ।

प्रमाणीकरण मिति : २०७५/०८/२७

नगरकार्यपालिकाको तर्फबाट,
लक्ष्मीप्रसाद रेग्मी
महालक्ष्मी नगरकार्यपालिकाको सचिव

महालक्ष्मी नगरकार्यपालिकामा मुद्रित । मूल्य रु. १०।-